आज मिति २०८१ साल वैशाख ०३ गते सोमबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २९ (उनन्तीसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. सुभकामना आदानप्रदान सम्बन्धमा।
३. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
४. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन अवस्था तथा समयावधि सम्बन्धमा।
५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण स्थलको प्रारम्भिक वातावरणीय प्रतिवेदन (आई.ई.ई) स्वीकृत गर्ने सम्बन्धमा।
३. झोलुङ्गे पुल सम्बन्धी कार्य प्रत्यायोजन सम्झौता गर्ने सम्बन्धमा।
४. दरबन्दी मिलान तथा शिक्षक ब्यवस्थापन सम्बन्धमा अपनाउने आधारहरु स्वीकृत गर्ने सम्बन्धमा।
५. बन्द विद्यालय संरक्षण गर्ने सम्बन्धमा।
६. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन प्रकृयाको म्याद थप गर्ने सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०३ स्थित चरुवा सामुदायिक वनको कमर थुम्कामा निर्माण गर्न लागिएको एकीकृत फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणको लागि इनरीच नेपालले तयार गरेको सोसँग सम्बन्धित प्रारम्भिक वातावरणीय प्रतिवेदन (आई.ई.ई) स्वीकृत गर्ने साथै उल्लेखित आयोजना कार्यान्वयनको प्रतिवेदनमा उल्लेख भएको जग्गाहरु प्रासिका लागि नियमानुसार सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका भित्रका विभिन्न वडामा निर्माण हुने झोलुङ्गे पुलहरुमा समुदायलाई प्राविधिक तथा सामाजिक संगठनात्मक सहयोग प्रदान गर्न जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता नम्बर ७८५/०६० दर्ता भएको, समाज कल्याण परिषदमा १६०१९ दर्ता भएको श्री दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम)ले मिति २०८०/१२/२५ गते सो कार्य गर्न ईच्छुक भई निवेदन पेश भएकोले झोलुङ्गे पुल सम्बन्धी कार्य प्रत्यायोजन सम्झौता गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिका भित्र रहेका विद्यालयहरुमा दरबन्दी मिलान तथा शिक्षक ब्यवस्थापन सम्बन्धमा अपनाउने आधारहरु, २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने र सोही अनुसारको खाका तयार गरी कार्यान्वयन गर्नका लागि कार्यपालिकामा पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिका भित्रका विभिन्न वडामा विद्यार्थी संख्या कम भई बन्द भएका विद्यालयहरुमा रहेको शैक्षिक सामाग्रीहरु, विद्यालयको संरचनाहरु तथा भौतिक पूर्वाधारको रेखदेख तथा संरक्षण हालका लागि सम्बन्धित वडा कार्यालयले नियमानुसार गर्ने।

निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सामान्यतया २०,००,००० (बिस लाख) सम्म बजेट विनियोजन भएका पूर्वाधार विकास तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा मिति २०८०/०५/२९ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार तोकिएको कार्ययोजनालाई यस पटक पहिलो प्रयास भएको, उपभोक्ता समितिलाई अभ्यासको कमि भएको जस्ता कारणले यस अघिको कार्यपालिकाले तोकेको समयावधिमा सबै आयोजनाको फरफारक हुन नसकेको हुँदा तपशिल बमोजिम संशोधन गर्ने।

| क्र.म | विवरण | यस अघि कायम गरिएको समयावधि | संशोधन गरिएको समयावधि | कैफियत |
|---|---|---|---|---|
| १. | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | चैत्र मसान्तसम्म | वैशाख मसान्तसम्म | |